Vol.14
नेपाली
भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation

GOCA
2021.01



## ओता सहर पर्यटन जानकारी केन्द्र






### विवरण

यो ओता सहर तथा वरपरका क्षेत्रहरूको पर्यटन सम्बन्धी जानकारी प्रदान गर्ने पर्यटक जानकारी केन्द्र हो। जापान राष्ट्रिय पर्यटन बोर्ड (JNTO) को मान्यता (वर्गीकरण 2) प्राप्त गरेको छ।

विभिन्न भाषाहरूमा पर्यटकीय ब्रोसरको व्यवस्था गरिनुका साथै स्थानीय बासिन्दाहरू माझ लोकप्रिय स्वादिष्ठ पसलहरू तथा पर्यटकीय स्थलहरूको जानकारी जस्ता गाइडबुकमा नलेखिएका ओता सहरको आकर्षणहरूबारे जानकारी प्रदान गरिन्छ।

साथै, यहाँ "ओताको 100 कोसेली चयन" लगायत सहरमा भएका शिल्पकला तथा स्थानीय विशेषता भएका सामानहरूको खरिदी, "ओरिगामीको अनुभव", "बुकमार्क बनाउने" जस्ता सांस्कृतिक अनुभव क्लासहरू, ऋतु अनुसारका प्रदर्शनी, वर्कसप जस्ता इभेन्टहरूको रमाइलो पनि लिन सकिन्छ।

यहाँ जुनसुकै बेला जापानी र अंग्रेजी भाषामा जानकारी प्रदान गर्न सम्भव हुनुका साथै चाइनिज, कोरियन र मले भाषा बोल्न सक्ने स्टाफहरू पनि छन्। त्यसैले सबैजना सङ्कोच नमानीकन आउनुहोस्।

विस्तृत जानकारीको लागि होमपेजमा हेर्नुहोस्।

### कहिले

9:00 am देखि 9:00 pm सम्म
वर्षैभरि खुला रहनेछ




### कहाँ

ओता सहर, कामाता 4-50-11 वीङ्ग किचेन, केइक्यु कामाता M2F
केक्यु कामाता, स्टेसनको टिकट गेट सँगै



### सम्पर्क

ओता सहर पर्यटन जानकारी केन्द्र
☎ 03-6424-7288　FAX 03-6424-4313
E-mail　info@tokyoactivity.com
URL　https://tokyoactivity.com/ja/

# आर्थिक वर्ष 2020 मा पहिलो पटक "अन्तर्राष्ट्रिय सहर

## हामीले उहाँहरूसँगको कुराकानीमा, ओता सहरको राम्रा ठाउँहरू र कुन कुराले उहाँहरूलाई जापानमा ल्याइपुर्‍यायो भनेर सोधेका छौं।



**प्रश्नहरू**

1 नाम

2 राष्ट्रियता

3 तपाईंलाई कुन कुराले जापानमा ल्याइपुर्‍यायो?

4 राजदूतको गतिविधि अन्तर्गत तपाईंलाई गर्न मन लागेको कुरा भन्नुहोस्।

5 ओता सहरको राम्रो ठाउँ (मन पर्ने ठाउँ) भन्नुहोस्।





1 Gahatraj Naresh (गहतराज नरेश)

2 नेपाल

3 सानो बेला मेरो बुबाले मलाई जापानमा बनेको सामान सबैभन्दा राम्रो हुन्छ भनेर भन्नुभएको थियो। त्यो बेलादेखि मलाई जापानप्रति रुचि लाग्न थाल्यो।

4 टिभीमा राय आदानप्रदान गर्ने कार्यक्रमको आयोजना गरी सबैजनासँग प्रभावकारी ढंगमा राजदूतको गतिविधि गर्ने तरिका र विधिहरू सिक्न चाहन्छु।

5 मलाई सबैभन्दा मन पर्ने ठाउँ इकेगामी होम्मोन्जी हो। इकेगामी होम्मोनजी अग्लो ठाउँमा हुनाले त्यहाँबाट सहरको सुन्दर दृश्य हेर्न सकिन्छ।





1 Jeffrey Scott Cross (जेफ्री स्कट क्रस)

2 अमेरिका

3 म 27 वर्ष अगाडि जापान विज्ञान तथा प्रविधि नियोगको पोस्टडक्टोरल अनुसन्धानकर्ताको रूपमा चुकुबा सहरको प्रयोगशालामा अनुसन्धान गर्नको लागि जापानमा आएँ। त्यसपछि मैले आचुगी सहरको फुजिचु प्रयोगशालामा काम गरें र म 2008 सालमा टोक्यो इन्स्टिच्युट अफ टेक्नोलोजीमा प्राध्यापक बनें।

4 स्थानीय रेस्टुराँ र इजाकायाहरूबारे थाहा पाउन सकिने हुनाले, मलाई ओता सहरमा बसोबास गर्नुहुने जापानी नागरिकहरूसँग भेट्न मन पर्छ। साथै, मलाई ओता सहरमा बसोबास गर्नुहुने विदेशी नागरिकहरू र ओता सहरमा आउनुहुने विदेशी नागरिकहरूसँग भेटी, ओता सहरको आकर्षक कुराहरूबारे जानकारी दिन पनि मन पर्छ।

5 मलाई व्यायामको लागि तामा नदी किनारमा साइकलिङ गर्न मन पर्छ। त्यसमाथि पनि मलाई मेरो घरको बरन्डामा बसेर हानेदा विमानस्थलमा हवाईजहाज बसेको र उडेको हेर्न पनि मन पर्छ।





1 Lee Angelina (ली एन्जेलिना)

2 सिङ्गापुर

3 मलाई जापान मन पर्ने भएकोले मैले जापानमा अध्ययन गर्नुभएका मेरा अग्रजहरूलाई विभिन्न कुरा सोधेर जापानमा आउने निर्णय गरें।

4 अहिलेको परिस्थितिमा गरिहाल्न सक्ने कुरा त होइन तर ओता सहरमा बसोबास गर्नुहुने जापानी नागरिक र विदेशी नागरिकसँग जानकारी आदानप्रदान गर्न सक्ने इभेन्टमा भाग लिन चाहन्छु।

5 कामाता स्टेसन वरपरको ठाउँ हो। मलाई अझै ओता सहर त्यति थाहा छैन तर थाहा भएको कामाता स्टेसन वरिपरि प्रशस्त मात्रामा विभिन्न प्रकारका पसलहरू छन्। रेस्टुराँदेखि दैनिक प्रयोजनका स-साना सामानहरू बिक्री गर्ने पसलसम्म सबै हुनाले, कुनै निश्चित कुराको लागि मात्र सिन्ज्युकु वा सिबुया जस्ता सहरहरू नगए पनि, लगभग सबै कुराहरू किन्न सकिने हुनाले सुविधाजनक लाग्छ।

# ओता राजदूत" बन्नुभएको 6 जनाको परिचय



1 Szabo Attila Pekka (जाबो आटिला पेक्का)



2 हङ्गेरी

3 म मेरो जापानी श्रीमतीसँग 2018 सालमा पहिलो पटक जापानमा आएँ। मलाई जापानको सांस्कृतिक सम्पदा र दृश्य, त्यसपछि मान्छेहरूले एकअर्कालाई सम्मान गर्ने कुरा आदि मन पर्छ। मैले श्रीमतीको जन्मभूमिबारे अध्ययन गरें र एकै परिवार बन्नको लागि श्रीमतीसँग सल्लाह गरेर जापानमा सर्ने सङ्कल्प गरें।

4 म अन्तर्राष्ट्रिय आदानप्रदानका गतिविधिहरू गर्न चाहन्छु। उदाहरणको लागि, मलाई "खाना परिकार संस्कृति (फुड कल्चर)" को जानकारी दिने कुरामा रुचि हुनाले, विदेशी नागरिकले पनि त्यहाँ जापानी संस्कृतिबारे जानकारी लिन सकेमा साँच्चै नै राम्रो हुन्छ जस्तो लाग्छ। साथै, म ओता सहरमा आउनुहुने मान्छेहरूलाई विदेशी भाषामा सहयोग गर्ने र स्थानीय आकर्षक कुराहरूलाई विदेशीको नजरबाट प्रचार गर्दै जानेछु। ओता सहरको इभेन्ट आदिमा भाग लिई, टोक्योमा बसोबास गर्ने अन्य विदेशी नागरिकहरूलाई पनि थाहा हुने गरी प्रचार गर्न चाहन्छु।

5 मानसिक तथा शारीरिक रूपमा रिफ्रेस भई, रिल्याक्स गर्न सकिने हुनाले, मलाई ओन्सेन मन पर्छ। मलाई मन पर्ने ओता सहरको ओन्सेन "नुरान्डो" हो। किनभने सुपथ मूल्य भईकन पनि त्यो ओन्सेन फराकिलो छ र बाथटबहरू पनि धेरै छन्। त्यसमाथि पनि ओता सहर धेरै, विविध रेस्टुराँहरू भएको ठाउँ हो भनेर चिनिन्छ। विशेष गरी म रामेन हिइकी सिफारिस गर्न चाहन्छु। धेरै जस्तो 1 घण्टा भन्दा बढी पर्खनुपर्ने अवस्था पनि हुन्छ तर साँच्चै नै पर्खेरै भए पनि खान लायक ठाउँ हुनाले, समय भएमा त्यहाँ गएर हेर्नुहोस्।



1 किमु युसोन



2 दक्षिण कोरिया

3 म लगभग 20 वर्ष अगाडि प्रवासी विद्यार्थीको रूपमा जापानको विश्वविद्यालयमा अध्ययन गर्नको लागि जापानमा आएँ।

4 धेरै मान्छेहरूलाई जापानको काम्मोन (प्रवेशद्वार), टोक्योको काम्मोन (प्रवेशद्वार) र ओता सहरको आकर्षक कुराहरूको जानकारी दिन चाहन्छु।

5 सेन्जोकुइके ओता सहरमा प्रकृतिले भरिपूर्ण ठाउँहरू छन् जुन टोक्योको 23 सहरहरूमा विरलै मात्र देख्न सकिन्छ।



1 Lucas dos Santos Cardoso Ferreira
(लुकस दोससान्तोस कार्दोसो फेहेइरा)



2 ब्राजिल

3 प्रवासी विद्यार्थी (जापानी भाषाको अध्ययन 1 वर्ष र निहोन कोगाकुइन कलेजमा 2 वर्ष)

4 म ओता सहरको बासिन्दाहरूलाई ब्राजिलको संस्कृतिबारे जानकारी दिई, ब्राजिलमा कार्निभल र फुटबल बाहेक पनि अन्य धेरै कुराहरू छन् भन्ने कुरा बुझाउन चाहन्छु। ब्राजिल ल्याटिन अमेरिकाको सबैभन्दा ठूलो देश हो र हाम्रो देशमा विभिन्न रमाइला कुराहरू हुनाले, म त्यस्ता धेरै कुराहरूबारे जानकारी दिन चाहन्छु।

5 साथीहरूसँग खानपिन गर्न जाने रेस्टुराँ र इजाकाया धेरै भएको "सनराइज कामाता" सिफारिस गर्न चाहन्छु।


**सम्पर्क**

अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
☎ 03-5744-1227 FAX 03-5744-1323

# "विदेशी अभिभावकहरूको लागि प्राथमिक स्कूल गाईड" प्रयोग गर्नुहोस्।

## सम्पूर्ण विदेशी अभिभावकहरूको लागि,

**GOCA को होमपेजमा ओता सहरद्वारा सञ्चालित प्राथमिक विद्यालयको बारेमा बुझ्न सजिलो हुने गरी व्याख्या गरिएको "विदेशी अभिभावकहरूको लागि प्राथमिक स्कूल गाईड" नामक पुस्तिका उपलब्ध छ। 6 भाषा संस्करण (सजिलो जापानी, अंग्रेजी, चाइनिज, टागालग, नेपाली र भियतनामिज भाषाहरू) उपलब्ध छ। ओता सहरको प्राथमिक विद्यालयको बारेमा थाहा पाउन सकिन्छ। प्राथमिक विद्यालयमा भर्ना गर्ने तयारी गर्ने बेलामा पनि उपयोगी हुने हुनाले नबिर्सीकन प्रयोग गर्नुहोस्।**




### मुख्य विवरणहरू

- भर्नासम्मका प्रक्रियाहरू
- प्राथमिक विद्यालयको 1 वर्षको अवधि
- विद्यालयको 1 दिन
- अभिभावकले गर्ने कुराहरू (भर्ना गर्ने बेला/हरेक दिन/वर्षमा केही पटक)
- विद्यालयमा प्रयोग गरिने कुराहरू, तयारी गर्ने कुराहरू
- विद्यालयमा भुक्तानी गर्ने रकम
- विद्यालयमा प्रयोग गरिने भाषा, शब्दावली आदि

**अभिभावक भनेको**...बुबा, आमा आदि बच्चा हुर्काइरहेको व्यक्ति हो।

**GOCA को होमपेजबाट निशुल्क हेर्न सकिन्छ।**

**https://www.ota-goca.or.jp/schoolguide/**

दुई-आयामी कोड स्क्यान गरी, डाउनलोड गर्नुहोस्। प्रिन्ट गर्न पनि सकिन्छ।

**सम्पर्क**
अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981 FAX 03-6410-7982
Email info@ota-goca.or.jp
URL https://www.ota-goca.or.jp/

## सहरवासीका गतिविधिहरूबारे जानकारी दिने प्रदर्शनी के तपाईं स्थानीय "शक्ति"-लाई नजिकबाट नियाल्न चाहनुहुन्छ?

सहरवासीका गतिविधिहरू भनेको सहरवासीको हौसला बढाउने गतिविधि हो। आफ्‌ वरिपरि के-कस्ता हौसला दिने कुराहरू छन्, यो अवसरमा नजिकबाट नियाल्न चाहनुहुन्छ? संक्रामक रोग कोरोनाभाइरस (कोभिड 19)-को कारण हामीले आर्थिक वर्ष रेइवा 2 सालमा परम्परागत इभेन्टमा गतिविधिहरूबारे जानकारी दिने "NPO•सहरवासीका गतिविधि फोरम" रद्द गरी, प्रदर्शनीमा गतिविधिको जानकारी दिइरहेका छौं।

**अवधि**
2021 साल जनवरी 18 तारिख (सोमबार) ~ 21 तारिख (बिहीबार)
*सहर कार्यालय खुला रहने समय भित्र, अन्तिम दिन 4:30 pm सम्म

**स्थान**
सहर कार्यालय 3F च्युओ तेन्जी कर्नर

**सम्पर्क**
स्थानीय गतिविधि प्रवर्द्धन शाखा
☎ 03-5744-1204 FAX 03-5744-1518

## निवासी कर भुक्तानीबारे (चरण 4)

चरण 4 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद फेब्रुअरी 1 तारिख हो। म्यादसम्ममा भुक्तानी गर्नुहोस्। नबिर्सीकन भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं। कर भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

**सम्पर्क**
कर भुक्तानी शाखा
☎ 03-5744-1205
FAX 03-5744-1517
URL https://www.city.ota.tokyo.jp/seikatsu/zeikin/

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
〒144-8621 ओता सहर कामाता 5-13-14 ☎ 03-5744-1227 FAX 03-5744-1323